इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

फोन नं.: ०५६-४१०१२२/४१०१११
इमेल: ichchhakamanaruralmun@gmail.com
वेबसाइट: ichchhakamanamun.gov.np


प.सं.

च.नं.

मितिः २०८३।०५।१८

## विज्ञप्ति

हालै भोटेकोशी तथा त्रिशूली नदि जलाधार क्षेत्रमा आएको विनाशकारी बाढीका कारण अपूरणीय जनधन, व्यक्तिगत जायजेथा एवं सार्वजनिक पूर्वाधारमा पुग्न गएको क्षतिप्रति इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गहिरो दुःख व्यक्त गर्दछ। यस अकल्पनीय विपद्जन्य घटनामा परी अमूल्य जीवन गुमाउनुहुने सम्पूर्ण मृतकहरुप्रति गाउँपालिका परिवारको तर्फबाट भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दछौं। साथै, यस असह्य शोकको घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

यस विपद्बाट घाइते, विस्थापित तथा प्रत्यक्ष प्रभावित व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभ, पुनर्स्थापना एवं सहज जीविकोपार्जनका लागि सुभेच्छा व्यक्त गर्दै स्नेही आफन्त, निजी आवास र सम्पत्ति गुमाउनुपरेका पीडित व्यक्तिहरुको अपूरणीय क्षति तथा मानवीय वेदनाप्रति गहिरो संवेदनशीलताका साथ यस राष्ट्रिय सङ्कटको घडीमा सम्पूर्ण निकाय, संघसंस्था एवं समुदायको एकीकृत योगदानको लागि हार्दिक अपिल गर्दछौं।

यसै मानवीय दायित्व एवं अन्तर-सरकारी सहकार्यको भावनालाई आत्मसात गर्दै, बाढी प्रभावित व्यक्तिहरूको उद्धार, राहत तथा पुनरुत्थानमा सहयोग पुऱ्याउने उद्देश्यले यस गाउँपालिकाको मिति २०८३/०५/१७ गतेको विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट रु.५,६८,०००/-(पाँच लाख अठ्सठ्ठी हजार रुपैयाँ) र जनप्रतिनिधिहरूको सेवासुविधा तथा राष्ट्रसेवक कर्मचारीहरूको पारिश्रमिकबाट कट्टा गरिएको रु.५,३२,०००/-(पाँच लाख बत्तीस हजार रुपैयाँ) गरी कूल रु.११,००,०००/- (अक्षरूपी एघार लाख रुपैयाँ) **प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा** योगदान गर्ने निर्णय बमोजिम मिति २०८३/०५/१८ गते उक्त रकम कोषमा जम्मा गरिएको छ। यसैगरी, यस गाउँपालिकामा स्थायी बसोबास भएका नागरिकहरु रोजगारीका क्रममा रसुवा र नुवाकोट जिल्लामा कार्यरत रहँदा बाढीमा परी सम्पर्कविहीन हुनुभएकोमा निजहरूको शीघ्र खोज, उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याउने हेतुले प्रतिपरिवार रु.२५,०००/-(अक्षरूपी पच्चिस हजार रुपैयाँ) राहत उपलब्ध गराउने निर्णय भएको छ। गाउँपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई विद्यालयगतरुपमा निर्णय गरी एवं उद्योगी, व्यवसायी, संघ-संस्था, सामाजिक अभियन्ता, नागरिक समाज लगायत सम्पूर्ण सद्भावप्रिय व्यक्तिहरूमा स्वस्फूर्त रूपमा **प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा** सहयोगको हात बढाउन इच्छाकामना गाउँपालिका आह्वान गर्दछ।

साथै, यस गाउँपालिकाको मौवाखोलादेखि रिग्दीखोलासम्मको भू-भाग त्रिशूली नदीको बहाव क्षेत्रभित्र पर्ने भएकाले बाढीका कारण यस क्षेत्रमा रहेका पुल, सडक, निजी आवास लगायतका रणनीतिक भौतिक संरचनामा गम्भीर क्षति पुगी दीर्घकालीन उपयोगमा प्रतिकूल असर परेको छ। यसरी इच्छाकामना गाउँपालिका स्वयं बाढीबाट प्रत्यक्ष रूपमा प्रभावित रहेको यथार्थ सर्वविदितै छ। यस्तो वस्तुगत स्थितिका बाबजुद नेपाल सरकारद्वारा त्रिशूली नदीको बहाव क्षेत्रमा पर्ने अधिकांश स्थानीय तहहरूलाई संकटग्रस्त क्षेत्र घोषणा गर्दा छुटेको यस गाउँपालिकालाई समेत समावेश गर्न ध्यानाकर्षण गराउदछौं।

अन्त्यमा, आकस्मिक एवं अनिश्चित रूपमा सिर्जित विपद्जन्य परिस्थितिको एकताबद्ध सामना गर्नु शासकीय तथा मानवीय अपरिहार्यता भएकाले पीडित व्यक्तिहरूको वेदनामा मलम लगाउन, निराशामा आशाको सञ्चार गराउन र संकटको घडीमा मानवताको हात बढाउन सम्पूर्ण सरोकारवालाहरूमा अभूतपूर्व एकता र सहकार्यका लागि हार्दिक आह्वान गर्दछौं।

(लोक राज खत्री)
प्रमुख प्रशासकीय अधिकृत

(दान बहादुर गुरुङ)
गाउँपालिका अध्यक्ष